


*कर्णाली जिल्ला 'कोभिड–१९' सङ्क्रमण व्यवस्थापन केन्द्रका संयोजक तथा प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसहितको टोली बुधवार मास्क अनिवार्य गर्न बजार तथा सडक अनुगमन गर्दै। तस्वीर : शुरबहादुर सिंह, रासस*

# प्रभावकारी बन्दै आमासँग उपाध्यक्ष कार्यक्रम

-विजय रावत

खलङ्गा, ८ वैशाख (रासस)। जुम्लाको तिला गाउँपालिकाले सुनौलो हजार दिनभित्रका आमालाई उपाध्यक्षको पोषण कोसेली कार्यक्रम सञ्चालन गरेको छ। आमा र बच्चालाई स्वस्थ राख्न सके मात्र परिवार, समाज, समुदाय र सिङ्गो देशको विकास एवं समृद्धिमा सहयोग पुग्छ भन्ने मान्यतालाई केन्द्रमा राखेर सुनौलो हजार दिनभित्रका आमासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरेको गाउँपालिकाले जनाएको छ।

कार्यक्रमअर्न्तगत विभिन्न खाद्य सामग्री तथा लत्ता कपडा एवं सरसफाइका सामग्री उपलब्ध गराइएको छ।

उपाध्यक्ष विष्णु बुढाका अनुसार गर्भवती र सुत्केरीलाई धान उत्पादन नहुने क्षेत्रमा पाँच केजी मार्सी चामल, धान फल्ने क्षेत्रमा पाँच केजी चना, बच्चालाई न्यानो कपडा, एक पाकेट तोरीको तेल, नङकाट, नुहाउने साबुन र झोला दिने गरिएको छ ।पालिकाको चालू आव २०७७/७८ नीति तथा कार्यक्रममा नै सुनौलो हजार दिनभित्रका आमासँग उपाध्यक्ष कार्यक्रम समावेश गरिएको थियो ।

गर्भवती भएको बेला चार पटक जाँच गर्नुपर्ने, पौष्टिक आहार खाने संस्कारको विकास, पारिवारिक जिम्मेवारीको बोध, व्यक्तिगत तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्ने विषयमा कार्यक्रममा छलफल हुन्छ । कार्यक्रमका लागि रु १५ लाख विनियोजन भएकोमा अपुग देखिएपछि थप रु १० लाख आवश्यक रहेको उपाध्यक्ष बुढाले बताउनुभयो ।

असार मसान्तसम्म एक हजार १७७ गर्भवती तथा सुत्केरीलाई पोषण कोसेली उपलब्ध हुने उपाध्यक्ष बुढाले भन्नुभयो, "नियमित चार पटक स्वास्थ्य जाँच गरेका, निरन्तर स्वास्थ्यकर्मीको सल्लाह लिएका, खोप कार्ड भएका, सुरक्षित सुत्केरीका स्वास्थ्य संस्थामा सेवा लिएका जस्ता मापदण्ड पूरा गरेका गर्भवती र सुत्केरीलाई प्राथमिकतामा राखिएको छ ।

कार्यक्रमबाट खासगरी विपन्न वर्गका महिलाले निकै राहत महशूस गरेका छन् । घर आँगनमै पोषिलो कोसेली पाउँदा निकै खुसी भएको तिला गाउँपालिका- २ की मधु परियारले बताउनुभयो । एक छोरा एक छोरीको आमा भनेकी परियारले भन्नुभयो, "स्थानीय सरकारले सञ्चालन गरेको सुनौला हजार दिनका आमालाई उपाध्यक्ष पोषण कोसेली कार्यक्रमले गर्भवतीलाई निकै राहत पुगेको छ ।"

सुनौला हजार दिनका आमालाई उपाध्यक्ष पोषण कोसेली कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पारेको स्थानीयवासी सरस्वती रोकायाले बताउनुभयो। गर्भवती हुँदासमेत आराम नपाउने, गोठमै सुत्केरी गराउने, सुत्केरी हुँदा बखत घरको जग छुन नदिने अन्धविश्वासपूर्ण संस्कृतिलाई अन्त्य गर्न यो कार्यक्रमले ठूलो सहयोग मिलेको रोकायाले बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, "गरिबी र अशिषाका कारण यहाँका महिलामा कार्य बोझ निकै छ। पोषिलो खानेकुरा त के राम्रोसित आराम पनि पाउँदैनन्। उनीहरु अधिकांशको स्वास्थ्य अवस्था निकै कमजोर रहेको छ ।" उपाध्यक्ष कोसेली कार्यक्रमले गर्भावस्था र सुत्केरीको समयमा अपनाउनु पर्ने सावधानी र आवश्यक पोषणको महत्वका बारेमा गराएको जानकारीले शिशु तथा मातृमृत्यु दरलाई पनि कम गर्न सकिने निकै महत्वपूर्ण सन्देश दिएको छ ।

# स्वास्थ्य सतर्कतासाथ श्रीरामचन्द्र मन्दिरमा भक्तजन

**- पूर्णप्रसाद मिश्र**

काठमाडौँ, ८ वैशाख (रासस) । श्रीराम नवमीका अवसरमा स्वास्थ्य सतर्कता अपनाउँदै भौतिक दूरी कायम गरेर भक्तजन राम मन्दिरमा पूजा आराधना एवं दर्शनका लागि उपस्थित भएका छन् ।

राजधानीको बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर, पशुपतिस्थित राममन्दिर लगायत देशभरका राम मन्दिरमा भक्तजन सतर्कतासाथ पुगेका हुन् । रामनवमी पर्वका अवसरमा बिहान चार बजेदेखि नै बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिर खुला गरिएको मन्दिर व्यवस्थापन एवं पुनःनिर्माण समितिका सदस्य सचिव डा गोविन्द टण्डनले राससलाई जानकारी दिनुभयो ।

कोरोना जोखिमका कारण श्रीरामचन्द्र शोभायात्रा र भजन कीर्तन स्थगित गरिएको छ । श्रद्धाभावसाथ मन्दिर आउने भक्तजनलाई २५/२५ जना गरेर मन्दिरभित्र प्रवेश गराई पूजा आराधना र दर्शन गर्ने व्यवस्था मिलाइएको उहाँले सुनाउनुभयो । यसैगरी गोकर्णेश्वर नगरपालिका वडा नं.-९ स्थित आरुबारीमा रहेको श्रीरामचन्द्र मन्दिरमा पनि भक्तजनको घुइँचो छ ।

भक्तजन उपस्थित भएका मन्दिरमा सरकारले जारी गरेको मापदण्ड बमोजिम एकपटकमा २५ जनाभन्दा बढी भक्तजनलाई दर्शनका लागि लाममा नराखिएको मन्दिर व्यवस्थापन समितिले जनाएका छन् । मन्दिर प्रवेश गर्ने भक्तजनलाई मास्क अनिवार्य लगाउनुपर्ने व्यवस्था गरिएको छ । मास्क नलगाउनेलाई प्रवेश दिइएको छैन । चैत्र शुक्ल नवमीका दिन मर्यादा पुरुषोत्तम भगवान् रामचन्द्रको सम्झनामा श्रद्धा र भक्तिपूर्वक पूजा आराधना गरी 'रामनवमी' पर्व मनाइन्छ ।

असत्यमाथि सत्यको विजय तथा भगवान् श्रीरामको सम्झनामा मनाइने रामनवमी पर्वका उपलक्ष्यमा भगवान् रामचन्द्रका मन्दिरहरूमा पूजापाठ गरिन्छ । आज जनकपुरस्थित रामजानकीको मन्दिरमा मेला भर्न नेपाल तथा भारतका नरनारी पुग्छन् ।

त्रेतायुगमा आजकै दिन अयोध्यामा भगवान् श्रीरामको जन्म भएको स्मृतिमा पवित्र नदी, ताल तथा कुण्डहरूमा स्नानका साथ व्रत बसी रामगीता पाठ, अध्यात्म, वाल्मीकीय, तुलसीकृत र भानुभक्तीय रामायण वाचन गर्ने र भगवान् रामको पूजा आराधना गरी रातभरि भजनकीर्तन गर्ने परम्परा छ ।

आजका दिन व्रत बसी श्रीरामको पूजापाठ र जपध्यान गर्नाले चिताएको कार्य पुरा हुने र अर्को जन्ममा बैकुण्ठ वास हुने कुरा 'व्रतार्क' नामक धर्मग्रन्थमा उल्लेख छ । यसै विश्वासका आधारमा आज लाखौँ भक्तजन व्रत बसी श्रीरामचन्द्रको पूजा आराधना गर्छन् ।

अयोध्याका राजा दशरथका जेठा छोरा भई भगवान् विष्णुको छैटौँ अवतारका रूपमा जन्मनुभएका श्रीरामले मिथिलाका राजा जनककी छोरी सीतासँग विवाह गर्नुभएको थियो । उहाँले संसारबाट पापी तथा दुष्ट राक्षसहरूको नाश गर्नुभएको र आफ्ना पिताको कठोर आज्ञालाई सहजतापूर्वक ग्रहण गरी मानव जातिलाई सत्यको मार्गमा लाग्न प्रेरणा दिनुभएको रामायण लगायत ग्रन्थमा उल्लेख गरिएको छ । उहाँको जन्म भएको सम्झनाका आधारमा रामनवमी पर्व मनाउन थालिएको विभिन्न धार्मिक ग्रन्थमा उल्लेख छ ।

यस अवसरमा आज राम मन्दिर एवं घर घरमा रामायण पाठ गरिन्छ । मर्यादा पुरुषोत्तम श्रीरामचन्द्रका गुणको विवेचना गरिनुका साथै तिनलाई अनुसरण गर्ने वाचासमेत गरिन्छ।अयोध्यापुरीमा सीतारामको मूर्ति

श्रीरामनवमीका अवसरमा चितवनको माडीस्थित अयोध्यापुरीमा सीतारमको मूर्ति प्रतिस्थापन गरिने भएको छ । प्रतिस्थापनका लागि राम-सीताको मूर्ति रथयात्रासहित मंगलबार त्यसतर्फ लगिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा राखिएका ती मूर्तिको रथयात्रा टोलीलाई मंगलबार बिहान प्रधानमन्त्री केपी शर्मा ओलीले बिदाइ गर्नुभएको थियो । बिदाइपछि पशुपतिनाथ मन्दिरमा स्वस्तिवाचन र मन्त्रोच्चारणसहित पृथ्वी राजमार्ग हुँदै देवघाटतर्फ पठाइएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री भानुभक्त ढकालको नेतृत्वमा गएको रथयात्रा समूह बेलुकी देवघाट पुगेको पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव डा प्रदीप ढकालले राससलाई जानकारी दिनुभयो ।

रथयात्रा समूह मङ्गलबार देवघाटमै बास बसेको थियो । श्रीरामनवमीका दिन आज बिहान गण्डकीमा स्नानसहित पूजा आराधना गरी चितवनको माडीस्थित अयोध्यापुरीमा पुगेको छ। आज मध्याह्न १२ : ३० बजे मूर्ति प्रतिस्थापन साइत रहेको उहाँले सुनाउनुभयो ।

अनुशासन र नैतिकताबिहिन व्यक्ति पशुभन्दा पनि तुच्छ हुन्छ । यसैले राष्ट्रिय जीवनका हरेक आयामहरूमा उदाहरणीय अनुशासन र नैतिकता कायम गर्न आजैदेखि आफैंबाट त्यसको सुरूवात गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## Shadananda Municipality
### OFFICE OF THE MUNICIPAL EXECUTIVE
**DINGLA, BHOJPUR**
**PROVINCE NO. 1, NEPAL**

**Notice for Invitation of Sealed Bids**

**First date of Publication: 22 April, 2021**

1. The Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur, Province No. 1, Nepal, invites sealed quotations form registered suppliers for the Procurement of Medcine & Surgical Items and Vidhyut Taar Pole Bistaar.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur. Contact: 029-421125, email: shadanandanagarpalika@gmail.com, info@shadanandamun.gov.np, Website: shadanandamun.gov.np
3. Bidders, should deposit nonrefundable amount of NPR. 1000.00, to obtain the bidding document in the Rajaswa (Revenue) account as specified below and the Bank deposit voucher shall be attached by the bidder at the time of form submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of Bank : Rastriya Banijya Bank, Dingla Branch, Bhojpur
   Name of Office : Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur
   Office Code : 801010702
   Revenue Account no: ga-1-1-2290100301010002
4. Sealed bids must be submitted at the Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur, Province no.1 Nepal, before 12:00 pm on 4th May, 2021. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend on 14:00 hrs. of 7th May, 2021 at the Office of Shadananda Mucipality, Office of Municipal Executive, Dingla, Bhojpur.
6. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 45 days beyond the validity period of the bid and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation. The bank account details for cash deposit are given by:
   Name of Bank: Rastriya Banijya Bank, Dingla Branch, Bhojpur
   Name of Office: Shadananda Municipality, Office of the Municipal Executive, Dingla, Bhojpur
   Dharauti Khata Account no: ga-3- 2290100303000002
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
9. The medicine to be purchased must be manufactured by WHO GMP Certified Company. Each and every packing of medicine should bear the Manufactured Date, Expiry Date and Batch Number. The medicines to be supplied should have at least 18 months date to expiry.
10. Matters not covered by this notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation 2064 and other prevailing rules and regulations of Nepal.

| S.N | Contract ID | Descriptions | Estimated Amount (With VAT) | Bid document Cost NRs. | Deadline for bid submission | Bid opening date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1 | Shadmun/G/SQ/02/77/78 | Procurement of Medicine & Surgical Items as per specification | 11,00,000.00 | 1000.00 | 12:00 hrs. of 7th May 2021 | 14:00 hrs. of 7th May 2021 | 27,500.00 |
| 2. | Shadmun/G/SQ/03/77/78 | Vidhyut Taar Pole Bistaar-Ward No.11 | 9,28,000.00 | 1000.00 | 12:00 hrs. of 7th May 2021 | 14:00 hrs. of 7th May 2021 | 23,500.00 |

Chief Administrative Officer